नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र संख्या: ०७७/७८
चलानी नं.: 909

मिति :२०७७/७/५

विषय: गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) सम्बन्धमा ।

श्री स्थानीय तह (सवै) ।

प्रस्तुत विषयमा उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयको प.सं.औ.प्र.महाशाखा/०७७/७८ च.नं.१३६ मिति २०७७/०७/०४ को गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) सम्बन्धी पत्र संलग्न छ । विस्तृत व्यहोरा पत्रबाटै अवगत गरी सोहि बमोजिम गर्ने गराउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

चिरन्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः
श्री उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री सूचना तथा प्रविधि शाखाः website मा upload गरिदिनु हुन ।

नेपाल सरकार
# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
(औद्योगिक तथा [illegible] प्रवर्द्धन महाशाखा)

सिंहदरबार
काठमाडौं, नेपाल ।

पत्र संख्या :- औ.प्र. महाशाखा/०७७/७८
चलानी नम्बर :- १३६

मिति २०७७/०७/०४

श्री गाँउ कार्यपालिका/नगर कार्यपालिकाको कार्यालय,
७५३ वटै ।

बिषयः गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) सम्वन्धमा ।

उपरोक्त सम्बन्धमा आगामि आर्थिक वर्ष २०७७/७८ मा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) लक्ष्य सहित सशर्त अनुदानमा सवै स्थानीय तह मार्फत सञ्चालन हुने गरी नेपाल सरकारको नीति तथा कार्यक्रम स्वीकृत भएको व्यहोरा विदितै छ । यस कार्यक्रमको संचालन मोडालिटी र प्रकृयालाई व्यवस्थित बनाउन र सवै स्थानीय तहमा कार्यक्रम सञ्चालनमा एक रुपता कायम गर्न सशर्त अनुदानमा आधारित मेड्पा कार्यक्रम सञ्चालन निर्देशिका स्वीकृतिको अन्तिम चरणमा रहेको छ । यस निर्देशिकाले लघु उद्यम विकास कार्यक्रमलाई एउटा नमूना कार्यक्रमका रुपमा स्थानीयस्तर देखि नै सञ्चालन गर्ने र जननिर्वाचित प्रतिनिधि, सम्बन्धित कर्मचारी र सेवा प्रदायक संस्था वा सरोकारवाला निकायको लघु उद्यम विकास मोडेल (मेड मोडेल) का प्रत्येक चरणमा स्पष्ट भूमिका तोकी लघु उद्यमको विकास गरी गरिवी निवारणमा टेवा पुऱ्याउने अपेक्षा राखेको छ । नेपालमा गरिबी निवारणका लागि दिगो विकास लक्ष्य, दीर्घकालीन रणनीति तथा पन्ध्रौ योजना सहितका नेपाल सरकारका सवै नीति तथा कार्यक्रमहरुले परिलक्षित गरे बमोजिम प्राथमिकता प्राप्त यो कार्यक्रमलाई स्थानीय तहमा सावधानीपूर्ण तवरले विजारोपण गर्न अति आवश्यक रहेको छ। यसै विषयलाई मध्यनजर गरी सशर्त अनुदानमा आधारित मेड्पा कार्यक्रम सञ्चालन निर्देशिका स्वीकृत हुनासाथ सवै स्थानीय तहमा पठाइने व्यहोरा जानकारीका लागि अनुरोध छ।

तर कतिपय स्थानीय तहले शसर्त अनुदानमा सञ्चालित यस कार्यक्रमलाई नेपाल सरकारबाट स्वीकृत निर्देशिकाविना नै खर्च गर्ने गरी प्रकृया अगाडि बढाएको सूचना प्राप्त हुन आएकोले त्यस्तो प्रकृया शुरु भएको भए रद्ध गर्न र नेपाल सरकारबाट स्वीकृत हुने निर्देशिका अनुसार मात्र सो कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउनु हुन मन्त्रालयको मिति २०७७/०७/०४ को निर्णयानुसार अनुरोध छ ।

पुनश्चः- यस सम्बन्धमा यस मन्त्रालयको मिति २०७७/०३/१७ च.नं. ३३४ को पत्रबाट समेत स्पष्ट गरिसकिएको छ ।

(रामकृष्ण श्रेष्ठ)
शाखा अधिकृत